# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## तलकोट गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## तलकोट गाउँपालिका
बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## तलकोट गाउँपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दैं विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तलकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले तलकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड ८५ लाख ३५ हजार बेरुजू देखिएको छ। सो सम्वन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड १० लाख २३ हजार, नियमित गर्नुपर्ने रु १ करोड ७५ लाख १५ हजार र पेश्की रू. ९५ लाख २३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १० करोड ५५ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट भएको र यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १६ करोड ३६ लाख ९२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## तलकोट गाउँपालिका, बझाङ

### १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | १२० | ५८५३५ | ० | ० | ० | ४८ | १२० | ५८५३५ | ४७४ | १७५१५ | ३१०२३ | ० | ० | ४८५३९ | ९५२३ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| **तलकोट गाउँपालिका, बझाङ** | १०५५५५ | ० | ३९८ | १०५१५७ | ० | ५८५३५ | १६३६९२ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : तलकोट गाउँपालिका, बझाङ , तल्कोट गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सिद्ध राज भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Narayan Prasad padhaya | २०७६-१०-१० | २०७८-११-१५ |
| लेखा प्रमुख | नारायण प्रसाद उपाध्याय | २०७८-११-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५८,५३५,१७५.१९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८६,४६,३२३.१३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २५,८५,९६,५०७.९३ | **चालु खर्च** | २२,१२,५९,७२६.६८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७६,०५,००० | **पूँजीगत खर्च** | ८,९२,५०,८३९ |
| **राजश्व बाँडफाँट** | ६,०८,४१,७३२.३४ | **वित्तीय/अन्य व्यवस्था** | ७,३३,७९,५५६.९२ |
| **आन्तरिक आय** | ८,३७,२३५ | | |
| **अन्य आय** | ६,२५,९०,१२४.२५ | | |
| **कुल आय** | ४०,०४,७०,५९९.५२ | **कुल खर्च** | ३८,३८,९०,१२२.६ |
| **बाँकी मौज्दात** | | २,५२,२६,८००.०५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यसपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तलकोट गाउँपालिकाको उद्देश्य रहेको छ । यस तलकोट गाउँपालिका अन्तर्गत ०७ वडा, ३९सभा सदस्य, ३३५.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ५ सय ५७ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>दैनिक भ्रमण भत्ता भुझेको अवस्थामा स्थानिय भत्ता भुक्तानी भएको रु ७५२९२।०० ,सामाजिक सुरक्षाको बैंकबाट फिर्ता भएको रु ४४८३३२ पारिश्रमिक कर वापतको रु १५८४० समेत रु ५३९१०४।०० रा वा बैंक बझाङ्गको राजस्व शिर्षक १५१११ मा र आन्तरिक आम्दानी दाखिला नगरेको रु ९५९०।०० स्थानिय संचित कोषमा दाखिला समेत कुल जम्मा रु ५४८६९४।०० असुलि भई दाखिला भएको छ । | |
| ३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। | |

४

**वित्तीय विवरण परीक्षण**

| सि. नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ५२००००० | ८६४६३२३।१३ | १ | चालु खर्च | | २२,१२,५९,७२६.६८ |
| | क) धरौटी गत बर्षको | २५६०९२६.१३ | | २ | पूँजीगत खर्च | | ८,९२,५०,८३९ |
| | ख विविध कोष खाता | ७२७३४३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग प्रकोप व्यवस्थापन कोष | १५८०५४ | | | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६१६७८९६७.३४ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ८३७२३५ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६,००,९५,६८९.२८ | | | ग) अन्य भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) प्रदेश राजश्व | ७,४६,०४३.०६ | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २५८५९६५०७।९३ | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९,००,००,००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १६४३९६५०७।९३ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | | २७७४०५७.६० |
| | घ) विशेष अनुदान | ४२,००,००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १७६०५००० | ७ | कोष फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६३,०९,००० | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | २५,००,००० | | | क) बैंक मौज्दात | १२०३१९८६।२७ | २५२२६८००।०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) समपुरक अनुदान | ३७,९६,००० | | | ख)धरौटी मौज्दात | २०६८९२३.७८ | |
| | घ) विशेष अनुदान | ५०,००,००० | | | ग. कर्मचारी कल्याण कोष | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | घ लैगिक हिंसा निवारण कोष | | |
| ६ | अन्य | | | | ङ विविध खर्च खाता मौज्दात | १०९६७८३६ | |
| | | | | | च प्रकोप व्यवस्थापन कोष मौज्दात | १५८०५४ | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | 9 | शशर्त अनुदान फिर्ता | | २०५३७९२३।३२ |
| | ख) सडक बोर्ड नेपाल | | | 10 | प्रकोप व्यवस्थापन कोष खाता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7 | कार्य संचालन कोष | | | | विविध खर्च खाता | | |
| | क प्रकोप व्यवस्थापन कोष खाता | | | 15 | | | |
| | ख विविध खर्च खाता | | १०२४०४९३ | | | | |
| ९ | लैङ्गिक हिसा निवारण कोष | | | | | | |
| १० | धरौटी आय यस आ.व.को | | २२८२०५५.२५ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | भवन पूर्वाधार बिकास कार्यक्रम | | | | भवन पूर्वाधार बिकास कार्यक्रम | | |
| १३ | सामाजिक सुरक्षा | | ५०,०६७,५७६.०० | | सामाजिक सुरक्षा | | ५०,०६७,५७६.०० |
| | जम्मा | | ४०९११६९२२।६५ | | जम्मा | | ४०९११६९२२।६५ |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **जिम्मेवारी फरक परेको**<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्ष २०७७।७८ को अन्त्यमा रु २७१३२५४५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ८६४६३२३।१३ जिम्मेवारी सारेको देखियो । जस अनुसार गत आ व को लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १८४८६२२१।८७ घटी जिम्मेवारी सारेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा कायम भएको अन्तिम मौज्दात रु२७१३२५४५।०० मध्ये प्रकोप व्यवस्थापन तर्फ रु १५८०५४ मात्र कायम हुनुपर्नेमा (वैक स्टेटमेन्टमा उल्लेख भएको) रु १३०४५३०६।०० कायम हुन गई रु १२८८७२५२।०० बढी मौज्दात कायम भएको देखिन्छ । सो बढी मौज्दात कायम हुन गएको रकम घटाउदा गत वर्षको अन्तिम मौज्दात् रु १४२४५२९३।०० कायम गरी यस वर्ष सो रकम सुरु मौज्दात् कायम गर्नुपर्नेमा रु ८६४६३२३।१३ मात्र मौज्दात् सारेकोले घटी जिम्मेवारी सारेको रकम पालिकावाट यकिन गर्नुपर्ने रु | ५,५९८,९६९.८७ |
| ६ | | | **बैक हिसाब मिलान नगरेको**<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको बैंक हिसाब मिलान विवरण तयार गरेको जनाएको छ ।श्रेस्ता भन्दा वैक घटी देखीएको रु १७०८९७८६।३२ का सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गर्नुपर्ने देखीएको रु | १७,०८९,७८६.३२ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी | फरक रकम |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | २९१२१७७२।५९ | १२०३१९८६।२७ | १७०८९७८६।३२ |
| २ | चालु खाता विविध खाता समेत | | | |
| ३ | पूँजीगत खाता | | | |
| ४ | विविध खर्च खाता- | १०९६७८३६ | १०९६७८३६ | |
| ५ | कल्याण कोष खाता | ० | ० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | प्रकोप व्य कोष खाता | १५८०५४ | १५८०५४ | |
| ७ | धरौटी खाता | २०६८९२३ | २०६८९२३ | |

७

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालीकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय
- क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• पालिकाले २०७7।७४ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।<br>• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • तलवी प्रतिवेदन पारीत नगरेको<br>• शिर्षक फरक पारी खर्च लेख्ने गरेको<br>• अनुगमन मुल्यांकन शिर्षकमा खर्च गरेकोमा आंशिक रुपमा मात्र भ्रमण प्रतिवेदन पेश भएको छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०७८/०३/१० गते रु.३७ करोड २८ लाख को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको पालिकाले जनाएको छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८.२ | | | **अबण्डा बजेट—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष अबण्डा रकम कायम नगरेको जनाएको छ । बजेट अबण्डमा राखी कार्यपालिका को निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.३ | | | **बर्षान्तमा रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार गाउँपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ।तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा यस गाउंपालिकाले २०७८ आषाढमा आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउंपालिकाको दोश्रो गाउसभाको २०७८।९।२७ को निर्णयवाट जम्मा ७३ वटा कार्यक्रममा रु१२१८५०००।०० रकमान्तर गरी खर्च गरेको देखियो ।यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत भएको देखिएन । | |
| ८.४ | | | **योजना र कार्यान्वयन—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः | |
| ८.५ | | | **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ५२ |
| २ | रु एक लाख देखि दुई लाख सम्मका योजना | ११५ |
| ३ | रु दुई लाख देखि पाँच लाख सम्मका योजना | ५९ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | २४ |
| ५ | दश लाख देखि ५० लाख सम्मका योजना | २० |
| ६ | ५० लाख बढीका योजना | ० |
| | जम्मा | २७० |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५५९८७००० | ४७२७३७५१ | १५.२२ |
| पूर्वाधार विकास | ७६९२८००० | ६३३५३६८७ | २०.४ |
| सामाजिक विकास | १५२९५५००० | १३८०८५५२५.६८ | ४४.४७ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २५७२९००० | १८७६१३३९ | ६.०४ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६११९१००० | ४३०३६२६३ | १३.८६ |
| जम्मा | ३७२७९०००० | ३१०५१०५६६ | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्चमध्ये सबैभन्दा बढी कार्य सामाजिक विकासमा ४४ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा ६ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यन्वयन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

८.६ **चौमासिक खर्च -** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (९) बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३५ (१) बमोजिम चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्र्थम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | २२१२५९७२६.६८ | ४५१६१९३५ | ६६३१३६३३ | १०९७८४१५८.६८ | ७६६४५२२२ |
| पूँजिगत खर्चतर्फ | ८९२५०८३९ | ० | १४१४०५७० | ७५११०२६९ | ४१०२५३९६ |
| जम्मा रू. | ३१०५१०५६५.६८ | ४५१६१९३५ | ८०४५४२०३ | १८४८९४४२७ | ११७६७०६१८ |
| प्रतिशत (%) | १०० | १४.५४ | २५.९१ | ५९.५५ | ३७.९ |

८.७ **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.१०३७२३५।०० देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.८८७९३८०९।०० रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ८६ गुना वढी रहेको छ । साथै

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु३९३४५४४२७।४० रहेकोले उक्त खर्च आन्तरिक आयको ३७९ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्य जिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ. । | |
| ८.८ | | | **खर्च बिश्लेषण—** पालिकाले यस बर्ष कुल आन्तरिक आय रु१०३७२३५।००, राजस्व बाँडफाँड रु६०८४१७३२।३४ र अनुदानबाट रु २६९४१२६४०।६८ गरी जम्मा रु३३१२९१६०८।०२ आम्दानी भएकोमा चालु तर्फ रु२२१२५९७२६।६८ र पूँजिगत तर्फ रु ८९२५०८३९।०० गरी जम्मा रु३१०५१०५६५।६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।३४ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.६४९५५०० खर्च भएको छ जुन आन्तरिक आयको ६।२६ गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१ प्रतिशत चालु र २९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ९ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको १६ गरी कुल १६ विवाद दर्ता भएकोमा यो आ व मा बाँकी देखिदैन । | |
| १० | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः**<br><br>लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ११ | | | **आन्तरिक लेखापरीक्षण शाखाः**<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएकोमा यसै पालिकावाट सहमति अनुसार सरुवा भई गएकोले पद रिक्त भएको छ । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षक (पाँचौ) पदमा श्री चिरञ्जिवी जोशी कर्मचारी कार्यरत रही निजहरुको पारिश्रमिकमा पुष सम्ममा रु २११४००।०० खर्च भएकोमा आन्तरिक लेखापरीक्षण भएको छैन । आन्तरिक लेखापरीक्षण शाखाको प्रभावकारीता को अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखामा पर्याप्त जनशक्ति व्यवस्था गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १२ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १२.१ | | | **कार्य संचालन कार्यविधिः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| १२.२ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस पालिकाले हालसम्म ११ वटा ऐन, ८ वटा नियमावली, २६ वटा कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १३ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १३.१ | | | **आर्थिक सहायता—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष ५२ व्यक्ति एवं संघ संस्थालाई रु ६ लाख ७ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३.२ | | | **खाना तथा विविध खर्च—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फमात्र रु ४१ लाख ७८ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १३.३ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च—** पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता लगायत भनी विभिन्न व्यक्तिहरुलाइ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |
| १४.१ | | | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | १,९०४,१८० |

| विवरण | संघीय श्रोतको रु | प्रदेश श्रोतको रु | अन्य श्रोतको रु | जम्मा |
|---|---|---|---|---|
| १३३१२ : शसर्त अनुदान चालु | (९,३४,०००) | ० | ० | (९,३४,०००) |
| १३३१३ : शसर्त अनुदान पुँजीगत | ० | ० | ० | ० |
| १३३१५ : विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० |
| १३३१७ : समपुरक अनुदान पुँजीगत | ० | २८,३८,१८० | ० | २८,३८,१८० |
| जम्मा | (९,३४,०००) | २८,३८,१८० | | १९,०४,१८० |

| | | | | |
|---|---|---|---|---|
| १४.२ | | | **समपुरक अनुदान :** प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को दफा ६ अनुसार समपुरक अनुदानवाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । पालिकाले यो वर्ष प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरिरु३७९६०००।०० अनुदानको रुपमा प्राप्त भई रु ९५७८२०।०० खर्च भएको छ । समपुरक अन्तर्गत प्रदेश सरकारको अंश समावेश भएको योजनामा पालिकावाट अंश नवेहोरेकोले सो रकमको समायोजन पेश गर्नुपर्ने अन्यथा सो रकमको ५० प्रतिशतले हुने अंश रू४७८९१०।०० कटाई बाकी रकम प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४७८,९१० |
| १४.३ | | | **अनुगमन प्रतिवेदनः** विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसै गरि समपुरक | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी समन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ । कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित कहाँ पेश गरेको देखिएन। | |
| १४.४ | | | **अनुदानको अनुगमन –** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १५.१ | | | **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १० पदमा ८४ जना कर्मचारीहरु करारमा राखी रु.२०८०००००।०० खर्च लेखेको छ । पालिकाको दरवन्दी तथा पदपुर्तिको विवरण पेश नभएकोले दरवन्दी वाहिरका करारका कर्मचारी यकिन गर्न सकिएन । त्यस्तै दरवन्दि वाहिरका केश म्यानेजर तथा मनोसामाजिक परामर्शदाता जस्ता विभिन्न २ जनालाई करारमा राखी रु३६४०००।०० भुक्तानी गरेको अनियमित भएको रु | ३६४,००० |
| १५.२ | | | **कल्याणकोष–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म पनि कल्याण कोष गठन गरेको छैन । कानूनको व्यवस्था परिपालनामा पालिका जिम्मेवार वन्नुपर्ने देखिन्छ। | |
| १५.३ | | | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br>वडा संख्या: ७; वडा सचिवको दरबन्दी: ७; वडा सचिवको पदपूर्ति: ३; रिक्त वडा सचिव: ४ | |
| १५.४ | | | **महँगी भत्ता** नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०७७।७८ च नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक | ९६,००० |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ३ | ४ |

रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गरएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी मासिक रुपमा महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस्तो सुविधा पाउने प्रावधान नभएको अवस्थामा सम्झौतामा राखी भत्ता उपलब्ध गराउन मिल्ने नदेखिएको रु

| क्र सं | कर्मचारीको नाम र पद | महँगी भत्ता रु |
|---|---|---|
| १ | ई. श्री विजय खाती | २४००० |
| २ | पोषण स्वयंसेवक श्री गणेश ब. धराला | २४००० |
| ३ | उ. वि. सहजकर्ता श्री सुस्मिता धामी | २४००० |
| ४ | उ. वि. सहजकर्ता श्री विन्दु चन्द | २४००० |
| | जम्मा | ९६००० |

१५.५

**सेवाप्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ७३९ | ७३९ |
| मृत्युदर्ता | ११० | ११० |
| बसाईसराई दर्ता | २० | ४५ |
| विवाह दर्ता | ११९ | ११९ |
| सम्बन्धविच्छेद दर्ता | ४ | ४ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td></td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td><td></td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ९ करोड पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>१८</td><td></td><td></td><td>जिन्सि निरीक्षण प्रतिवेदन<br><br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उपनियम २ का कुराहरु खुलाउनुपर्ने व्यवस्था छ ।तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत देखाइएन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>जिन्सी सामान फिर्ता नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली २०७७ को नियम १०३ मा जिन्सी बरबुझारथ सम्बन्धि व्यावस्था छ । देहाय बमोजिमका पदाधिकारीहरुको पदावधि समाप्त भई हाल नयाँ पदाधिकारीरुले पदभार संहाली सकेको अवस्थामा साविक पदाधिकारीहरुले बुझिलिएका जिन्सी माल सामान हालसम्म पनि फिर्ता भएको देखिएन । तसर्थ साविक पदाधिकारी तथा कर्मचारीहरुले बुझीलिएका मालसामान अविलम्ब फिर्ता हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.न.</th><th>पदाधिकारीको नाम</th><th>जिन्सीको विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">गा.पा. अध्यक्ष लाल बहादुर विष्ट</td><td>ल्यापटप-१</td><td>५७,५२२</td></tr>
<tr><td>सन्चार मोबाईल सेट-१</td><td>३५,३९५</td></tr>
<tr><td>टेलिभिजन-१</td><td>१५१५४</td></tr>
<tr><td>२</td><td>गा.पा. उपाध्याक्ष धनलक्ष्मी खत्री</td><td>संन्चार मोबाईल सेट-२</td><td>२५,२२५</td></tr>
<tr><td>३</td><td>वडा नं ६ अध्यक्ष प्यारु जेठारा</td><td>ल्यापटप-१</td><td>५७,५२२</td></tr>
<tr><td>४</td><td>वडा नं ४ अध्यक्ष मन वहादुर घर्ती</td><td>ल्यापटप-१</td><td>५७,५२२</td></tr>
</table></td><td>५८३,९१६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५</td><td>वडा नं २ अध्यक्ष अक्कल वहादुर कुवर</td><td>टेलिभिजन-१</td><td>१५१५४</td></tr>
<tr><td rowspan="2">६</td><td rowspan="2">वडा नं ३ अध्यक्ष भरत वहादुर वोहरा</td><td>मोटरसाईकल-१</td><td>२,६२,९००</td></tr>
<tr><td>ल्यापटप-१</td><td>५७,५२२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५,८३,९१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>धरौटी</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४(१) मा कार्यालयले धरौटी कोषमा जम्मा गरेको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । साथै नियम ६८(घ) मा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजस्व खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको धरौटीको नाम नामेसी विवरणमा कुन कुन व्यक्ति वा संस्थाको खुलाई राख्नु पर्नेमा नाम नामेसी विवरण पेश नभएकोले छानवित गरी नाम नामेसी विवरण पेश गर्ने अन्यथा आवश्यक निर्णय गरी संचित कोष दाखिला गरी धरौटी हिसाब अध्यावधिक गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीको नामको धरौटी फिर्ता गर्दाका निवेदन तथा करचुक्ता प्रमाणपत्रका आधारमा फिर्ता गरेको छ । यस्तो धरौटी रकम फिर्ता गर्दा सम्बन्धित निर्माण कार्यको मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश नभएकोले मुल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने रु<table>
<tr><td>गो भौ नं</td><td>निर्माण व्यवसायी</td><td>फिर्ता रकम</td></tr>
<tr><td>१।७।१४</td><td>जय श्री मष्टा कन्स्ट्रक्सन</td><td>२६९००८</td></tr>
<tr><td>२।७।१५</td><td>प्रमोद कन्स्ट्क्सन</td><td>५३२०७४</td></tr>
<tr><td>३।७।१६</td><td>मनिष निर्माण सेवा</td><td>१८००००</td></tr>
<tr><td>४।७।१६</td><td>वि एल वि कन्स्ट्रक्सन प्रा लि</td><td>२२३९३३</td></tr>
<tr><td>५।९।२२</td><td>मनिष निर्माण सेवा</td><td>२२९१७०</td></tr>
</table></td><td>१,७०१,०७०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६।१०।२७</td><td>पुर्णलक्ष्मि कन्स्ट्रक्सन</td><td>२६६८८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७०१०७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता<br><br>सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ५५५ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर: मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) तथा आर्थिक ऐन २०७८ अनुसार ठेक्का वा करार अन्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था वमोजिम ३० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी निम्नानुसारको भुक्तानीमा निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भूक्तानी भएको रु५६४६२।०० मु.अ.कर सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>सि नं</th><th>गो भौ नं</th><th>विवरण</th><th>भुक्तानि रकम</th><th>३० प्रतिशत</th></tr>
<tr><td>१</td><td>१३७।१।२२ गा पा पुजिगत</td><td>अमिर मार्केट्स एण्ड सप्लायर्स</td><td>३१८६६०</td><td>१०९९८</td></tr>
<tr><td>२</td><td>२७५।३।२५ गा पा पुजिगत</td><td>डि एम आई प्रा लि काठमाण्डौ</td><td>४९५१९०</td><td>१७०९०</td></tr>
<tr><td>३</td><td>८८।३।२४ संघ सशर्त</td><td>गडतोला ट्रेडर्स</td><td>३२४९००</td><td>११२१४</td></tr>
